गौरीगङ्गा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

(शिक्षा, युवा तथा खेलकुद शाखा)
चौमाला, कैलाली
सुदुरपश्चिम प्रदेश, नेपाल

पत्र. सं. : २०७८/०७९
चलानी न. : १४९४

मितिः २०७८/०९/०१

**विषय :कार्यक्रमका लागि प्रस्ताव पेस गर्ने सम्बन्धी सूचना।**

**श्री सामुदायिक विद्यालयहरु (सबै),**
**गौरीगङ्गा नगरपालिका, चौमाला, कैलाली।**

प्रस्तुत विषयमा यस गौरीगङ्गा नगरपालिकाका लागि चालु आ.व. २०७८/०७९ मा विद्यालय क्षेत्र विकास कार्यक्रम अन्तर्गत ससर्त अनुदानको रुपमा प्राप्त कार्यक्रमहरु विद्यालयहरुमा वितरण गर्नुपर्ने भएकाले यस अघि (आ.व. ०७३/७४ देखि ०७७/७८ सम्ममा शिक्षा विकास तथा समन्वय एकाइ (साविक जिल्ला शिक्षा कार्यालय) सामाजिक विकास मन्त्रालय सुदूरपश्चिम प्रदेश तथा नगरपालिकाबाट उक्त कार्यक्रम प्राप्त नगरेका विद्यालयहरुले तपसीलमा उल्लेख भएका न्यूनतम शर्तहरु पूरा गर्ने गरी विद्यालयले शिक्षण सिकाइ समय मापन सम्बन्धी कार्यविधि (शिक्षा तथा मानव स्रोत विकास केन्द्रको वेभसाइटमा उपलब्ध छ) लागु गरेको सुनिश्चितता साथ विद्यालय व्यवस्थापन समितिको निर्णयसहित मिति २०७८/९/१५ गतेभित्र तोकिएको ढाँचामा प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबै विद्यालयहरुलाई जानकारीको लागि सूचना प्रकाशित गरिएको छ ।तोकिएको म्याद पछि प्राप्त हुने प्रस्तावना उपर कुनै कार्वाही नहुने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ।

**तपसीलः**

१) पुस्तकालय स्थापना तथा व्यवस्थापन (फर्निसिङ, किताब खरिद, तथा ई-पुस्तकालय समेत):

- पुस्तकालय नभएका, गत विगत आ.व. हरुमा पुस्तकालय व्यवस्थापन अनुदान प्राप्त नगरेका (आधारभूत तथा माध्यमिक विद्यालय) तथा विद्यार्थी संख्या उच्च रहेका तथा पुस्तकालय व्यवस्थापनका लागि आवश्यक कक्षाकोठा रहेका विद्यालयहरुले निवेदन दिनसक्ने ।
- छनौट भएका विद्यालयलाई प्रति विद्यालय एकमुष्ट ६ लाख ५० हजारका दरले अनुदान दिइने उक्त अनुदानबाट विद्यालयले पाठ्यपुस्तक, पाठ्यक्रम, शिक्षक निर्देशिका, सन्दर्भ सामग्री तथा लाईब्रेरीका लागि आवश्यक फर्निचरहरु जस्तै पुस्तक र्याक , बसाई व्यवस्थाका लागि कुर्सी टेवुल लगायतका सामग्रीहरुमा सार्वजनिक खरीद ऐन अनुसार खर्च गर्ने । तर फर्निचरहरु जस्तै पुस्तक र्याक, बसाई व्यवस्थाका लागि कुर्सी टेवुल लगायतका सामग्रीहरुमा २५ प्रतिशतभन्दा बढी खर्च गर्न नपाइने।
- विद्यालयले खरीद गरेका पुस्तकहरुको सूचि अनिवार्य रुपले गौरीगङ्गा नगरपालिकामा पेश गर्नु पर्नेछ। नोटः यस वापत प्राप्त अनुदानबाट विद्यार्थीको दैनिक पठन पाठनसँग असम्बन्धित र असान्दर्भिक पुस्तक तथा सामग्रीहरु खरिद गर्न पाईने छैन।

गौरीगङ्गा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
(शिक्षा, युवा तथा खेलकुद शाखा)
चौमाला, कैलाली
सुदुरपश्चिम प्रदेश, नेपाल

पत्र. सं. : २०७८/०७९
चलानी न. १४१४

२) शिक्षण सिकाइमा ICT को प्रयोग (कम्प्यूटर, ईन्टरनेट, कनेक्टिभिटी ईक्युपमेन्टस तथा Kits खरिद) का लागि अनुदान :

- गत विगत आ.व. हरुमा ICT व्यवस्थापन अनुदान प्राप्त नगरेका (आधारभूत तथा माध्यमिक विद्यालय) हरुले प्रस्ताव पेस गर्नसक्ने।
- ईन्टरनेटको पहुँच भएका तथा विद्युत नियमित आपुर्ति भएका विद्यालयहरु।
- शिक्षकको ICT का माध्यमबाट शिक्षण गर्न सक्ने क्षमता र तत्परता खुल्ने विवरण सहित प्रस्ताव पेश गर्ने।
- गणित, विज्ञान र अंग्रेजी विषयका kits र networking internet आदि व्यवस्थापन गर्न आवश्यक फर्निचर, कम्प्यूटर/उपकरण/सफ्टवेयर/विधुतीय अन्तरक्रियात्मक श्रव्य-दृष्य सिकाइ सामग्री व्यवस्थापन गर्ने सुनिश्चितता सहितको प्रस्ताव पेश हुनुपर्ने।
- विद्यालयले नमूना माध्यमिक विद्यालय व्यवस्थापन निर्देशिका, २०७४ को सम्बन्धित खण्ड र अनुसूचीमा भएको आधार तथा स्पेसिफिकेसनको परिधिभित्र रहेर सार्वजनिक खरीद ऐन नियमावली तथा विद्यालय खरिद दिग्दर्शन अनुसारका प्रकृयाहरु पूरा गरी सामग्री खरीद गर्नुपर्ने।

३) विद्यालयमा विज्ञान प्रयोगशाला अनुदानः

- विज्ञान प्रयोगशाला नभएका, गत विगत आ.व. हरुमा विज्ञान प्रयोगशाला अनुदान प्राप्त नगरेका तथा विज्ञान प्रयोगशाला व्यवस्थापनका लागि आवश्यक कक्षाकोठा रहेका विद्यालयहरुले निवेदन दिनसक्ने।
- विद्यालयहरुले नमूना विद्यालय सञ्चालन निर्देशिका, २०७४ को अनुसूचीमा उल्लेखित मापदण्डका आधारमा विज्ञान प्रयोगशाला व्यवस्थापन गर्ने गरी प्रस्ताव पेश गर्ने।

गणेश जोशी
अधिकृत

गौरीगङ्गा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

(शिक्षा, युवा तथा खेलकुद शाखा)
चौमाला, कैलाली
सुदुरपश्चिम प्रदेश, नेपाल

गौरीगंगा नगरपालिका नगर कार्यपालिकाको कार्यालय चौमाला, कैलाली सुदुरपश्चिम प्रदेश, नेपाल २०७३

पत्र. सं. : २०७८/०७९
चलानी न. :

कार्यक्रम प्रस्तावको ढाँचा

१. विद्यालयको विवरण : विद्यालयको संक्षिप्त विवरण यस अन्तर्गत अनुमति प्राप्त मिति, सञ्चालित कक्षा, तहगत रुपमा जम्मा विद्यार्थी संख्या, तहगत जम्मा शिक्षक संख्या र कक्षाकोठा संख्या ।

२. कार्यक्रम विवरण

क) कार्यक्रमको नाम :

ख) कार्यक्रमको पृष्ठभूमि (आवश्यकता/औचित्यसमेत) :

ग) कार्यक्रमको उद्देश्य :

घ) सम्पादन गर्नुपर्ने मुख्य मुख्य कामहरु :

ङ) कार्यक्रमबाट प्राप्त हुने उपलब्धी :

च) कार्यक्रम सम्पन्न गर्ने कार्ययोजना :

| सि.नं. | क्रियाकलाप | कार्यान्वयन विधि(प्रक्रिया) | समयावधि | जिम्मेवारी |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

छ) प्रस्तावित बजेट :

माग गरिएको रकम :

विद्यालयको आन्तरिक स्रोतबाट व्यहोरिने रकम :

| क्र.सं. | विवरण | इकाई | दर | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

विद्यालय व्यवस्थापन समितिको निर्णयको प्रतिलिपि

विद्यालयको तर्फबाट

नाम : विद्यालयको छाप

पद :

हस्ताक्षर :

मिति :

गणेश जोशी
अधिकृत